मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

विवेश 'फस्ट रनर अप': पृष्ठ ३

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १७० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ ६ गते मंगलवार (Tuesday, May 19. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-





इलाम जिल्लाको माई नगरपालिकाको चेप्टी जंगलमा फलेको थाकल । गर्मीयाममा चुरे क्षेत्रमा पाइने खजुर प्रजातिको फल हो थाकल । पोथ्रे आकारमा रुखो सुख्खा ठाउँमा पाइने थाकलको पातबाट घरको छानो, टाटीबेरा, ओछ्याउने चट्टी, डाली लगायतका सामग्री बनाउन पनि प्रयोग गर्ने गरिन्छ । **तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल**

# भारतमा अलपत्र नेपाली स्वदेश फर्किन पाएनन्

**लक्ष्मी उप्रेती**

**मेचीनगर, जेठ ५।** नोवल कोरोना भाइरस कोभिड १९का कारण जारी लकडाउनले नेपाल भारत सीमा क्षेत्रमा आएर अलपत्र परेका नेपालीलाई सोमबार नेपाल फर्काउने भनेर केही दिनदेखि निक्कै चर्चा चलेको थियो । यहि हल्लाले नेपालको काँकरभिट्टा र भारतको पश्चिम बंगाल राज्यको रानीगञ्ज नाकाबाट नेपालीहरु नेपाल भित्रिन सक्ने भन्दै नेपाल प्रवेशको पूर्वीद्वारमा बिहानैदेखि सञ्चारकर्मीहरुको बाक्लो उपस्थिति थियो ।

लकडाउनले स्वदेश फर्किन नपाएकाहरु पनि स्वदेश फर्किन पाइने आशमा थिए । तर, सोमबार भारतसँग सीमा जोडिएको झापाको कुनै पनि नाकाबाट अलपत्र परेका नेपालीलाई स्वदेश फर्किन पाएनन् ।

गएको शनिबार १ नम्बर प्रदेशका आन्तरिक



मामिला तथा कानूनमन्त्री हिक्मत कार्की समेतको उपस्थितिमा सम्पन्न सर्वपक्षीय बैठकले नेपाल भारत सीमा क्षेत्रमा आएर अलपत्र परेका नेपालीलाई स्वदेश फर्काउने निर्णय गरेको थियो । बैठकमा कानूनमन्त्री कार्कीले नेपाल र भारतबीचको सहमति अनुसार नेपालमा भएका भारतीयलाई पारि र भारतमा भएका नेपालीलाई वारी ल्याउने जनाएका थिए । तर, आवश्यक प्रक्रिया नपुगेपछि दुवै देशका नागरिक आ-आफ्नो देश फर्किन पाएनन् ।

दुवै देशको सरकारबाट लिखित निर्णय प्राप्त नभएका कारण नेपालमा रहेका भारतीय र भारतमा रहेका नेपालीलाई आ-आफ्नो देश फर्काउन नसकिएको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ । प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरले संघीय सरकारबाट लिखितरुपमा कुनै आदेश प्राप्त नभएका कारण भारतमा रहेका नेपालीलाई नेपालीलाई स्वदेश नआएकोले ल्याउन नसकेको बताए । उनले माथिबाट आदेश नआएसम्म भारतबाट अलपत्र नेपालीहरुलाई उद्धार गरेर ल्याउन सक्ने अवस्था नभएको बताए ।

संघीय सरकारको आधिकारिक आदेश नआइ

*(बाँकी अन्तिम पृष्ठमा)*

# यी १८ देश जो कोरोनामुक्त बने

**काठमाडौं, जेठ ५।** विश्वका केही देशहरु कोरोना भाइरसमुक्त बनेका छन् । कोरोना संक्रमणका कारण त्रासमा रहेका मुलुकहरुका लागि यो सकारात्मक समाचार बनेको छ । कहीँकतै कोरोनाभाइरस नियन्त्रणबाहिर जाने त होइन ? भन्ने डर, त्रास र अन्योलबीच केही मुलुकले कोरोनालाई नियन्त्रणमा लिन सफल भएका छन् ।

कोरोनाभाइरसले नेपालमा दुई जनाको ज्यान लिएपछि जनजीवन त्रसित छ तर विश्वका कोरोनामुक्त देशले केही राहत महशुस गरेका छन् ।

लकडाउन, सामाजिक (भौतिक) दूरी, खानपिन, नियमित औषधि सेवनलगायतलाई पालना गर्नसके कोरोनालाई सजिलै नियन्त्रणमा लिन सकिन्छ भन्ने उदाहरण ती मुलुकले दिएका छन् । तीन लाखभन्दा बढीको ज्यान लिइसकेको कोरोनाभाइरसको संक्रमणलाई १८ वटा देश तथा टापू राज्यले पूर्णतः नियन्त्रणमा लिएका छन् ।

करिब ४७ लाखभन्दा बढी सङ्क्रमितमध्ये हालसम्म करिब १८ लाखभन्दा बढी पूर्णरुपमा निको भइसकेका छन् । मरिसस, सुरीनाम, कम्बोडिया, इरिट्रिया, इष्टटिमोर, पपुवा न्यू गिनी, बेलिज, ग्रीनल्याण्ड, फारोह आइल्याण्ड, न्यू क्यालोडोनेया, फकल्याण्ड, सेन्टवार्थ, सेन्टलुसिया, पश्चिम साहरा, क्यारेबियन नेडरल्याण्ड, सेन्टपाइरी मिक्वलिन, मेन्टसेराट, एन्गुइलामा कोरोनाभाइरसको सङ्क्रमणलाई पूर्ण रुपमा नियन्त्रणमा आएको छ । पपुवान्यूगिनी, मरिसस, सुरीनाम, कम्बोडिया, इरिट्रिया, इष्टटिमोर, पपुवान्यूगिनी, सेन्टलुसिया र बेलिज सार्वभौम राष्ट्र हुन् । पश्चिमी सहारा एक विवादित देश हो भने अन्य विभिन्न देशका टापू राज्य हुन् ।

**बिना मृत्यु कोरोनाभाइरस परास्त गर्न सफल देश**

कम्बोडिया १२२, इरिट्रिया ३९, इष्टटिमोर २४, फारोह आइल्याण्डमा १८७, न्यू क्यालोडोनेया १८, सेन्टलुसिया १८, फकल्याण्ड १३, ग्रिनल्याण्ड ११, पपुवान्यूगिनी ८, सेन्टवाथ ६, पश्चिम साहरा ६, क्यारेबियन नेडरल्याण्डस्मा ६, एन्गुइलामा ३, सेन्टपाइरी मिक्वलिनमा एकजना सङ्क्रमण भएकोमा पूर्ण रुपमा निको भएका छन् । ती देशहरूमा सङ्क्रमित कसैको पनि मृत्यु नभएको वर्ल्ड मिटरले जानकारी दिएको छ ।

**पूर्णरुपमा नियन्त्रणमा आए पनि मृतक भएका देश**

मरिसस, बेलिज, सुरीनाम, मेन्टसेराटमा भने कोरोनाभाइरसको कहरले ज्यान लिएको बुझिएको छ । मरिससमा ३३२ जनालाई सङ्क्रमण भएकोमा दशको ज्यान गएको थियो । बेलिजमा १८ जनालाई सङ्क्रमण भएर दुई जनाको मृत्युसहित १६ जनाको निको भएको हो । सुरीनाममा १० जनामध्ये नौ जनाको पूर्ण उपचार र एकजनाको मृत्यु भएको छ। मेन्टसेराटमा ११ मा एक जनाको मृत्यसहित अरु सबै डिस्चार्ज भएका छन्।

**नियन्त्रणमा आएका देशहरूको केही परिचय**

फारोह आइल्याण्ड संवैधानिक राजतन्त्र रहेको मुलुक डेनमार्कका स्वशासित टापू राज्य हो भने ग्रिनल्याण्ड पनि डेनमार्कका अधिनस्थ रहेको छ । ग्रिनल्याण्ड संसारकै सबैभन्दा ठूलो टापू हो, जहाँ करिब ६० हजारको जनसंख्या रहेको छ भने फारोह आइल्याण्डमा करिब ५० हजारको जनसङ्ख्या रहेको छ । फारोह टापूमा करिब आठ हजार ४०३ वटा परीक्षण गरिएको छ ।

त्यसैगरी, पपुवा न्यू गिनी संसारकै सबैभन्दा दोश्रो ठूलो टापू राष्ट्र हो । एसिया प्रशान्त क्षेत्रमा इन्डोनेसियाको पूर्व र अष्ट्रेलियाको उत्तरमा अवस्थित यस देशमा करिब एक करोड जनसंख्या रहेको छ । यो मुलुक क्षेत्रफलको हिसाबले नेपालभन्दा तीन गुणा ठूलो छ । यहाँ दुई हजार दुई वटा मात्र परीक्षण गरेर सङ्क्रमित सबैको उपचार भएको थियो ।

त्यस्तै, पपुवा न्यू गिनीको तल र अष्ट्रेलियाको पूर्वोत्तरतिर रहेको टापू न्यू क्यालोडोनेया फ्रान्सको अधिनस्थ मानिन्छ, जहाँ करिब पौने तीन लाखको जनसंख्या छ । त्यहाँ पाँच हजार २१३ वटा परीक्षण गरिएको थियो ।

यसैगरी, क्यारेबियन क्षेत्रमा रहेको सेन्टवार्थ पनि फ्रान्सको अधिनस्थ छ जहाँ दश हजारको बसोवबास छ । अर्जेन्टिनाको पूर्वदक्षिणतिर रहेको फकल्याण्ड बेलायतको अधिनस्थ मानिन्छ जहाँ करिब पाँच हजार जनसंख्या रहेको छ । क्यारेबियन क्षेत्रमा एन्गुइलामा १५ हजार जनसंख्या छ जहाँ बेलायती उपनिवेश रहेको छ । क्यारेबियन नेडरल्याण्ड दक्षिण अमेरिकाको भेनेजुयलाको सिरानमा अवस्थित टापू हो, जुन युरापेली देश नेडरल्याण्डस् (होल्याण्ड)को अधिनमा रहेको छ । यहाँ २६ सय भन्दाबढी जनसङ्ख्या रहेको छ ।

**केही मुलुक पूर्ण नियन्त्रण उन्मुख**

भियतनाममा २८८ मध्ये २४१ जना निको भएका छन् । सेन्ट किट्स एण्ड नेभिसमा १५ मध्ये १३ जना डिस्चार्ज भएका छन् । १६ जना सङ्क्रमित रहेको डोमिनिकामा १४ जना निको भइसकेका छन् । फिजीमा १८ मध्ये १४, लाओस् १९ मध्ये १३ जना निको भइसकेका छन् । पूर्वी अफ्रिकी टापुहरूको देश सेसेलेसमा ११ सङ्क्रमितमध्ये १० जना डिस्चार्ज भइसकेका छन् । यी मुलुकहरूमा अहिलेसम्म कुनै बिरामीको मृत्यु भएको छैन ।

*(समाचार एजेन्सीहरुको सहयोगमा)*





नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


# झापाको आकाशमा सैन्य विमान उडेपछि ...



**झापा, जेठ ५।** कोरोना भाइरसका कारण सरकारले गत चैत ११ गतेबाट लकडाउन शुरु गरेसँगै आन्तरिक तथा बाह्य उडानहरु समेत बन्द गरेको छ । हवाई उडान बन्द भएको अवस्थामा सोमबार बिहान झापाको आकाशमा बिमान उडेपछि सबै अच्चमित भएका थिए ।

केहीले समाजिक सञ्जालमा विमानको बारेमा जिज्ञासा समेत राखेका थिए । नेपाल-भारतबीच सीमा विवादको विषय उठिरहेका बेला धेरैले भारतले पूर्वी क्षेत्रमा विमान उडाएको बताए पनि त्यस्तो नभएको भद्रपुर विमान स्थलका प्रमुख पूर्ण चुडालले जानकारी दिएका छन् ।

नेपाली सेनाले आफ्ना सैनिक पाइलटहरुलाई तालिम दिने क्रममा विभिन्न समयमा यस्ता विमानहरु उड्ने गरेको भन्दै चुडालले पूर्वाञ्चलकर्मीसँग भने- सोमबार पनि राजधानीबाट ओखलढुङ्गा हुँदै भद्रपुर विमानस्थलसम्म विमान आएर राजविराज हुँदै फर्किएको छ । यो सेनाको नियमित तालिम अन्तर्गत पर्दछ । केहीले औषधिका सामग्री ल्याएको बताएका थिए भने केहीले पूर्वी क्षेत्रमा भारतले सीमा अतिक्रमण गरेकाले त्यसको विरोध भइरहेका बेला भारतले नेपाली आकाशमा विमान उडाएको बताए पनि त्यस्तो नभएको पाइएको छ ।

# कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**






**आस्थाको केन्द्र भुल्के जाल्पा देवी:** मोरङको पथरीशनिश्चरे नगरपालिका-१मा रहेको भुल्के जाल्पा देवी मन्दिर । पथरी बजारबाट पाँचसय मिटर उत्तरमा रहेको यस मन्दिर जंगलको बीचमा रहेको छ । जमिनबाट निरन्तर पानीको भुल्का निस्किरहने ठाउँ भएकाले देवीथानको नाम भुल्के जाल्पा देवी राखिएको स्थानीयहरु बताउँछन् । **तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल**

# संक्रमणको डरले स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार

**काठमाडौं, जेठ ५।** काठमाडौं उपत्यकाभित्र कोरोनाभाइरस सङ्क्रमण पुष्टि भएका अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीले घरबेटीले घर नआउन दबाव दिएको गुनासो गरेका छन् ।

उनीहरूले अस्पतालमै वा अन्यत्र छुट्टै बस्ने व्यवस्था नहुँदा डेरामा जानुपर्ने बाध्यता रहेको तर घरबेटी तथा छिमेकीबाट दुर्व्यवहार समेत खेप्नुपरेको गुनासो गरेका हुन् । महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका स्वास्थ्यकर्मी र कर्मचारीले त्यसबारे लिखित रूपमा नै अस्पताल प्रशासनलाई गुनासो गरेको त्रिभुवन विश्वविद्यालय कर्मचारी संघ शिक्षण अस्पताल इकाई समितिका सभापति खलबहादुर क्षेत्रीले बताए । क्षेत्रीले भने- त्यस्तो कुराहरू लिखित नै आएपछि हामीले निकाय प्रमुख अगाडि राखेका छौं । त्यसबारे निर्देशकज्यूसँग पनि कुराकानी भइसकेको छ ।

**अस्पतालमै बस्नूस कि पीसीआर रिर्पोट दिनूस्**

गत साता शिक्षण अस्पतालमा उपचारत बिरामीमा कोरोनाभाइरस सङ्क्रमण देखिएपछि उक्त अस्पताल नजिकै डेरा गरेर बस्ने चिकित्सक र स्वास्थ्यकर्मीलाई घरबेटीहरूले घरमा नआउन दबाव दिन थालेको चिकित्सकहरू बताउँछन् ।

न्याशनल रेसिडेन्ट डक्टर्स एसोशिएसन शिक्षण अस्पतालका अध्यक्ष डा. अनुप उप्रेतीले भने- कतिपय स्वास्थ्यकर्मीलाई घरबेटीले 'तपाईंहरू अस्पतालमै बस्नूस्, यहाँ नआउनूस्' भन्ने तथा कतिलाई 'पीसीआरको रिपोर्ट देखाउनूस्' भन्ने गरेको गुनासो आएको छ । उनले विशेषगरी आवासीय चिकित्सकहरू, नर्सहरू र अन्य अस्पतालका कर्मचारीले यस्तो समस्या भोगेको जानकारी दिए । यो समस्या समाधानका लागि सरकारले अविलम्ब हामीलाई अस्थायी बस्ने व्यवस्था मिलाउनु आवश्यक छ- उनले भने ।

**नर्सहरूलाई पनि उस्तै**

शिक्षण अस्पतालमा कार्यरत नर्सहरूले पनि आफूहरूलाई घरबेटीले घरमा नआउन दबाव दिएको बताए । आफ्नै घर भएका नर्सहरूलाई पनि टोलका मानिसहरूले 'फलानीले रोग लिएर आउने भई' भन्दै दुर्व्यवहार गरेको शिक्षण अस्पतालका नर्सहरूले नाम सार्वजनिक नगर्न अनुरोध गर्दै बताए ।

शिक्षण अस्पतालकी सहप्राध्यापक डा. मेरिना श्रेष्ठले पनि आवासीय चिकित्सकहरूले दुर्व्यवहार भएको गुनासो गरेको बताइन् । उनले भनिन्- घर र टोलछिमेकमा त्यस्तो समस्या भोगेको कुराहरू कतिपयले सुनाउनु भएको छ । तर त्यस्तो समस्या भयो भन्ने कुराहरू सामाजिक सञ्जालमा आएपछि कतिपय होटल व्यवसायीले हामी बस्ने व्यवस्था गर्छौं भनेर इच्छा पनि देखाउनु भएको छ ।

शिक्षण अस्पतालकै एकजना आवसीय चिकित्सक डा. एलिजा हमालले भने दुर्व्यवहार नभोगे पनि कतिपय चिकित्सकहरू घरमा जाने अवस्था नभएको बताइन् । उनले भनिन्- म पनि अस्पताल नजिकै फ्ल्याट लिएर बसेकी थिएँ । तर त्यहाँ साना बालबालिकाहरू छन् ।



म आफैँलाई पनि त्यहाँ जान मन लागेन त्यसैले म अहिले अस्पतालमा साथीहरूसँग बसिरहेकी छु । यो बेलामा अस्थायी बसोबासको व्यवस्था गरिदिए सबैभन्दा राम्रो हुन्थ्यो ।

**दुई खाले समस्या**

शिक्षण अस्पतालकै आवासीय चिकित्सक डा. सुमन दाहालले स्वास्थकर्मीहरू अहिले दुई खाले समस्यासँग जुझिरहेको बताए । उनका अनुसार स्वास्थ्यकर्मीहरूलाई एकखाले घरबेटीहरूले 'अस्पताल गएपछि १४ दिन क्वारेन्टाइन बस्नुपर्ने किन दिनैपिच्छे घर आउनु भएको' भन्ने गरेका छन् । त्यस्तै अर्काखाले घरबेटीले 'पीसीआरको रिपोर्ट नेगेटिभ भएको देखाउनुस् नत्र घर नआउनूस्' भन्ने गरेका छन् ।

तेस्रो प्रकारका घरबेटीले भने अप्रत्यक्ष रूपमा मात्र घर नआइदिए हुन्थ्यो भन्ने गर्छन् । उनी भन्छन्- अर्को समस्या चाहिँ हामी आफैँलाई पनि धेरै जोखिमयुक्त मानिसहरू वृद्धवृद्धा वा दीर्घरोगी भएका घरमा जान नैतिक सङ्कट छ । नजाउँ अस्पतालमा बस्ने व्यवस्था छैन, जाउँ घरमा जोखिम समूहका मानिसहरू छन् । उनले यी सबै समस्याको समाधान गर्न अस्पतालमै बस्ने व्यवस्था गरिनुपर्ने बताए ।

**विशेष बसोबास उत्तम उपाय**

नेपाल मेडिकल एशोसिएशनका महासचिव डा. बद्री रिजालका अनुसार हालसम्म कुनै पनि चिकित्सकले घरबेटीले आफूलाई घरबाट निकालेको भन्ने औपचारिक जानकारी गराएका छैनन् ।

तर व्यक्तिगत कुराकानीमा धेरैले अफ्ट्यारो परेको जानकारी गराएको छन् । उनले त्यसको समाधानका लागि कोभिड-१९को उपचारमा खटिनेलाई सरकारी नीति अनुसार अस्पतालमै क्वारेन्टाइनमा राखिनुपर्नेमा जोड दिए । अन्यलाई पनि पर्याप्त सुरक्षा सामग्रीको प्रबन्ध गर्नुका साथै अस्थायी बसोबासको व्यवस्था गर्न सकिने उनी बताउँछन् ।

स्वास्थ्यकर्मी सङ्क्रमित भए भने धेरैजना सङ्क्रमित हुन्छन् भन्ने कुरा सबैले बुझ्नु जरुरी छ । सरकारले पनि त्यसलाई मनन् गरेर व्यवस्थापन गर्नुपर्छ- उनले भने । चिकित्सकको मनोबल बढाउन पनि बसोबासका लागि विशेष व्यवस्था हुनुपर्ने उनले बताए ।

**अधिकारीहरू के भन्छन् ?**

स्वास्थ्यकर्मीहरूले भोगेको समस्याबारे जिज्ञासा राख्दा शिक्षण अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. प्रेमकृष्ण खड्गाले उक्त विषयलाई अस्पतालले गम्भीर रूपमा लिएको बताए । उनले भने- हाम्रा स्वास्थ्यकर्मी र कर्मचारीहरूको पनि दोहोरो कुराकानी छ ।

मैले कुन कुन घरबेटीले बस्न दिएनन् नाम र ठेगाना दिनु सीडीओलाई एक्सन लिन लगाउनुँछ भन्दा कसैले दिन सकेका छैनन् । एक्सनमा गइदियो भने बस्न पाइदैन भन्ने चिन्ता छ । नजाउ भने पनि समस्या छ । उनले शिक्षण अस्पताल आफैँले कुनै 'एक्सन' लिन नसक्ने बताए ।

स्वास्थ्यकर्मीको गुनासो आएपछि स्वास्थ्य मन्त्रालयलाई जानकारी गराएको र काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई पनि ध्यानाकर्षण गराएको बताए । काठमाडौंका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले शिक्षण अस्पतालबाट त्यस्तो जानकारी आएको बताए ।

**जनचेतना आवश्यक**

उनले भने- शिक्षण अस्पतालको केसलाई लिएर चाहिँ हामीले जनचेतना जगाउनु पर्ने आवश्यकता रहेको छ । त्यसका लागि मैले सम्बन्धित वडाध्यक्षलाई कुरा गर्ने आश्वासन दिएको छु । त्यस्तै अस्पतालका सबै कर्मचारीको परीक्षण पर्न पनि मैले आग्रह गरेको छु । त्यो प्रमाण देखाएर पनि घरबेटीलाई मनाउन सकिन्छ ।

उनले घरबेटीहरूमा जनचेतना जगाउन र सम्झाउनका लागि प्रहरी र सम्बन्धित पालिका तथा वडाका जनप्रतिनिधिहरूसँग समन्वय भइरहेको जानकारी दिए । आइतवार स्वास्थ्य मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा बोल्दै मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले पनि स्वास्थ्यकर्मीहरूको मनोबल गिराउने कार्य नगर्न आग्रह गरेका थिए । उनले त्यस्ता क्रियाकलापप्रति स्वास्थ्य मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको र त्यस्ता गतिविधि नगर्न अपिल गरे । *(वीवीसी)*

## धुर्मुस-सुन्तलीको 'लिपुलेक'



हाँस्य कलाकार सीताराम कट्टेल र कुञ्जना घिमिरेले लिपुलेक र नालापानी हाम्रै हो भन्ने एक नयाँ भिडियो सार्वजनिक गरेका छन् ।

लकडाउनमा विभिन्न चेतनामूलक भिडियो सार्वजनिक गरिरहेका उनीहरुले कोरोनापछिको अवस्थालाई समेटेर तयार पारेको भिडियोको राम्रो प्रभाव पनि परिरहेको छ ।

उनीहरुले सार्वजनिक गरेको भिडियोमा छिमेकीले जग्गा मिचेर बाटो बनाएको तर नेपालका नेताहरुले कुनै पनि कदम चाल्न नसकेको कुरालाई उल्लेख गरिएको छ ।

भिडियोमा सीतारामको दुईवटा गेटअप देख्न सकिन्छ । भिडियोले नेताले नसके जनता आफैले नेपालको जमिन फिर्ता ल्याउन सक्छन् भन्ने भाव पस्केको छ ।

सुदीप बरालको छायांकन र सम्पादनमा तयार भएको यो भिडियोमा सीताराम र कुञ्जनाले नै निर्देशन गरेका थिए । नेपालको भूमि मिचेर भारतले बाटो बनाएपछि देशभित्र यसको सर्वत्र विरोध भइरहेको अवस्थामा उक्त भिडियोले दर्शकको मन जित्नेमा उनीहरु विश्वस्त छन् ।। सरकारले लिपुलेक समेटेर नेपालको नक्सा जारी गर्ने बताइसकेको छ ।

## लकडाउनः विवाह बन्धन

**काठमाडौं, जेठ ५।** सनराइज खबरकर्मी विकास अधिकारी विवाह बन्धनमा बाँधिएका छन् । कोरोनाको कहर र लकडाउनकाबीच अधिकारी भक्तपुर निवासी मोक्षदा तिमिल्सिनासँग विवाह बन्धनमा बाँधिएका हुन् ।

फेशन डिजाइनर मोक्षदा र विकासको भक्तपुरमा एक समारोहबीच विवाह सम्पन्न भएको हो । समान्यतया विवाहमा मानिसहरुको जमघट र भीडभाड हुन्छ, तर उनीहरुको विवाहमा त्यस्तो भीडभाड थिएन ।

मोक्षदाको निवासमा आयोजित सानो पारिवारिक जमघटमा सबैले सामाजिक दुरी कायम राख्दै सुरक्षात्मक उपाय अपनाएका थिए । बेहुला बेहुली मास्क लगाएर मण्डपमा बसेका थिए । 'अरुको विवाहमा बेहुलीलाई घुम्टोको महत्व हुन्थ्यो हाम्रो विवाहमा मास्कको महत्व भयो'- मोक्षदाले भनिन् ।

'लकडाउन खुलेपछि विवाह गर्ने योजनामा थियौं तर लकडाउन र कोरोना महामारी लामो समय जारी रहने देखेपछि विवाह गरेका हौं'- विकासले भने- 'अरु केही वर्ष जमघटयुक्त उत्सव तथा समारोह गर्न सम्भव देखिँदैन ।' समाज निराश र हतास हुँदै गएका बेला कुनै पनि शुभ कार्य लामो समयसम्म रोक्नुहुँदैन भन्ने हामी दुवैका परिवारको निष्कर्ष रहेकाले विवाह गरेका हौं- विकासले भने ।

केही पहिले नै विवाह गर्ने योजना भएपनि कोरोना रोकथामका लागि जारी लकडाउनका कारण विवाहको मिति सर्दै गएको थियो । विकासले भने- 'निराश भएर बस्नुहुँदैन समाजमा आशा र उत्साह जगाउनुपर्छ तर कोरोना महामारीसगँ सतर्क रहनुपर्छ ।'



## मृतक युवतीका परिवारको रिपोर्ट नेगेटिभ

**काठमाडौँ, जेठ ५।** कोरोना सङ्क्रमणका कारण मृत्यु भएकी सिन्धुपाल्चोकको २९ वर्षीया सुत्केरी महिलाको परिवारका सदस्यहरूको पीसीआर रिपोर्ट नेगेटिभ आएको छ ।

ती युवती नेपालमा कोरोना संक्रमितमध्ये पहिलो मृतक हुन् । शिशुसहित परिवारका सदस्यको रिपोर्ट नेगेटिभ आएको धुलिखेल अस्पतालका प्रशासकीय निर्देशक डा.रमेश माकजूले बताए । २९ वर्षीया महिलामा कोरोना सङ्क्रमण पुष्टि भएसँगै मृतकको शिशुसहित मृतकको श्रीमान, माइतीतर्फको आमा र बहिनीको स्वाब सङ्कलन गरिएको थियो । मृतकको १३ दिने शिशु, उनको परिवारका अरु सदस्यहरूको पीसीआर रिपोर्ट नेगेटिभ आएको हो ।

काठमाडौँ शिक्षण अस्पतालमा सामान्य डेलिभरी भएपछि वैशाख २५ गते डिस्चार्ज गरिएकी महिलाको उच्च ज्वरो र श्वासप्रश्वासमा समस्या देखिएको थियो । सिन्धुपाल्चोकवाट जेठ १ गते धुलिखेल अस्पतालमा ल्याउँदै गर्दा उनको मृत्यु भएको थियो । कोरोना सङ्क्रमणको आशङ्का गरिएकोमा आरडीटी र पीसीआर परीक्षणका रिपोर्ट शनिबार पोजिटिभ आएको थियो । त्यसपछि उनको परिवारका सदस्यहरूको पीसीआर परीक्षण गरिएको थियो । शिशुसहित परिवारका सदस्यको रिपोर्ट नेगेटिभ आएको र धुलिखेल अस्पतालमा मृतक महिलासँग सम्पर्कमा आएका एक जना चिकित्सकसहित चार जना पारामेडिकल कर्मचारीहरूको पाँच दिनपछि मात्रै स्वाब सङ्कलन गरेर पीसीआर परीक्षण गरिने धुलिखेल अस्पतालका प्रशासकीय निर्देशक डा. रमेश माकजूले बताए । उनले पाँच दिनअघि चेकजाँच गर्दा नेगेटिभ आउन सक्ने सम्भावना धेरै हुने भएकाले वास्तविक तथ्य पत्ता लगाउन पाँच दिनपछि मात्रै चेकजाँच गरिने बताएका छन् ।

## भारतमा ...

ल्याउने बारे कुनै पहल गर्न नसकिने भन्दै प्रमुख जिल्ला अधिकारी राना मगरले दुई देशबीचको अन्तर्राष्ट्रिय कुरामा मौखिक निर्णयको अर्थ नहुने समेत जानकारी दिए । हल्ला चलेपछि भारतका अन्य स्थानबाट नेपालीहरु बोर्डरसम्म हिंडेर आउने क्रम पनि जारी रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । उनीहरुलाई माथिको आदेश आएपछि ल्याउन पहल गर्ने जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले बताए । नेपाली सुरक्षा अधिकारीहरुका अनुसार भारतको पश्चिम बंगाल राज्य सरकारले केन्द्र सरकारको लिखित पत्र नआइ पठाउन नमिल्ने जनाएका छन् ।

बैठकले अलपत्र सबैलाई सोमबार ल्याएर जिल्लाका विभिन्न क्वारेन्टाइन र होल्र्डिङ प्वइन्टमा राख्ने निर्णय गरेको थियो । '१ हजार क्षमताको क्वारेन्टाइन जिल्लामा तयार छ । सीमा क्षेत्रमा १ हजारको संख्यामा नेपालीहरु आएको बुझिएको छ ।

**पानीट्यांकी नाकादेखि शिलगढीसम्ममा नौ सय ५ जना नेपाली**

भारत पश्चिम बंगाल राज्यको पानीट्याकीस्थित रानीगञ्ज नाकादेखि शिलगढीसम्मका क्षेत्रमा ९ सय ५ जना नेपाली अलपत्र परेका छन् । उनीहरुलाई नेपालका सातै प्रदेशका उनीहरुलाई तत्काल उद्धार गर्नु पर्ने अवस्था रहेको नेपाली सुरक्षा अधिकारीहरुले बताएका छन् । शिलगढीका विभिन्न होम क्वारेन्टाइन, सामुदायिक क्वारेन्टाइन र आफन्त कहाँ बसेका छन् ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाका अनुसार प्रदेश १देखि ७ नम्बर प्रदेशका नौ सय ५ जना नेपालीहरु लकडाउनका कारण भारतीय सीमा क्षेत्रमा बसेका छन् ।

एकजना प्रहरी अधिकारीका अनुसार प्रदेश नम्बर १को १२ जिल्लाका ६३ जना, प्रदेश नं.२ को ३ जिल्लाका १८ जना, प्रदेश नं.३ को १४ जिल्लाका एक सय ९३ जना, प्रदेश नम्बर ४ को ७ जिल्लाका ९३ जना, प्रदेश नम्बर ५ को १२ जिल्लाका तीन सय ३२ जना, प्रदेश नम्बर ६ को १० जिल्लाका एक सय १८ जना र प्रदेश नम्बर ७ को ९ जिल्लाका ७१ जना तथा ठेगाना नखुलेका अन्य १६ जना नेपाली नागरिकहरु रहेका छन् ।

भारतमा रहेका नेपालीहरुमा दाङका ६१ जना, रोल्पाका ६७ जना, कैलालीका ७० जना तथा काठमाडौं, काभ्रे, चितवन, कास्की, रुकुम र रुपन्देही जिल्लाका रहेको उनले बताए ।यी देखि बाहेक अन्य पनि भारतमा अलपत्र रहेका नेपालीहरु सम्पर्कमा आइरहेको बताइएको छ । भारतबाट तत्कालै एक हजारदेखि एक हजार पाँच सयसम्म नेपालीहरु काँकरभिट्टा नाकाबाट भित्रिन सक्ने प्रशासनको प्रारम्भिक अनुमान छ ।

## गाईको बाच्छो काटेपछि...

**झापा, जेठ ५।** झापाको गौरादह-४मा गाईको बाच्छो काटेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा गौरादह-४का २८ बर्षीय रमेश दर्जी, ५० बर्षीय रमेश सतार र सोही स्थानका ६० बर्षीय मद्रासी सतार रहेका छन् । रमेश दर्जीको घरमा यी तिनै जना मिलेर बाच्छो काटेर मासु खाएको र बाच्छोको टाउँको तथा दुई वटा खुट्टा खेतमा पुरेको अवस्थामा फेला पारेको भनी स्थानीयले प्रहरी चौकी माहारानीझोडामा खबर गरेका थिए ।

घटनाको जानकारी पाउनसाथ इलाका प्रहरी कार्यालय दमकबाट गएको प्रहरीको टोलीले उनीहरुलाई पक्राउ गरेको थियो । पक्राउ परेका तीनै जना उपर ईलाका प्रहरी कार्यालय दमकबाट थप अनुसन्धान भइरहेको छ ।

## खाद्यान्नको ट्रकमा १२६ पेटी रक्सी

**धनगढी, जेठ ५।** धनगढीमा नूनसहित खाद्यान्न बोकेको मिनिट्रकबाट रु. एक लाख बढीको मदिरा प्रहरीले बरामद गरेको छ ।

धनगढी उपमहानगरपालिका-४ अस्थायी प्रहरी पोष्ट चटकपुरबाट प्रहरी सहायक निरीक्षक गजेन्द्रबहादुर चन्दको कमाण्डमा गएको प्रहरीको टोलीले गोदावरी नगरपालिका-४ का नरेन्द्रसिंह महराले चलाइराखेको से१ख २०१० नम्बरको मिनिट्रकमा जाँचका क्रममा रु. एक लाख १५ हजार ९२५ बराबरको १२६ पेटी रोज नामक मदिरा बरामद गरेको जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायब उपरीक्षक दक्षकुमार बस्नेतले जानकारी दिए ।

धनगढीबाट अत्तरियातर्फ गइरहेको अवस्थामा ट्रकलाई रोकी जाँच गर्दा मदिरा लुकाइछिपाइ राखेको अवस्थामा बरामद गरिएको बताइएको छ ।

ट्रकसहित चालकलाई नियन्त्रणमा लिइ गाडी र मदिरा धनी धनगढी-१३का दिनेश पन्तलाई समेत पक्राउ गरी अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक बस्नेतले बताए ।

**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)







श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# अनुशासित बनौं, अनिष्टको बादल हटाऔं

सरकारले महामारीबिरूद्धको युद्धको मोर्चा बलियो बनाउन 'बन्दाबन्दी' फेरि थपेको छ । अब यसको सीमा जेठ २० गतेसम्म रहनेछ । कोभिड–१९बिरूद्धको युद्ध स्वयम्ले लड्नुपर्ने भएकाले सरकारले बन्दीको समय बढाएर सहजीकरण मात्र गरिदिएको हो । अर्थात् यो महासंकटबाट सुरक्षित रहने सबैभन्दा भरपर्दो र निर्विकल्प माध्यम एकान्तबास नै हो । त्यसलाई आफूले नै पालना गर्नुपर्छ, आत्मअनुशासनमा रहनुपर्छ । अरू त अरू संक्रमित भइसकेको अबस्थामा सबैभन्दा नजिकको भनिएको पति–पत्नी पनि एक–अर्काको सहायक बन्न सक्दैनन् ।

हाम्रो स्वास्थ्य सेवा यसै पनि भरपर्दो छैन । शायद त्यसैले आर्थिक रूपले बलिया अनि सार्वजनिक पदधारकहरू सामान्य अवस्थामा पनि उपचारका लागि विदेश जान्छन् । अपबाद बाहेक जिम्मेवार व्यक्तिहरू नै आफ्नो संस्थाप्रति सकारात्मक छैनन् । यस्तो बेला विश्वलाई त्रस्त बनाएको यो महामारीसँग लड्नु प्रत्येक नागरिकको एकल प्रयास हुनै पर्छ । ओखती नै नभएको यो भाइरसले आफूमा प्रवेश नपाओस् स्वयम्को चेतना जाग्रत हुनुपर्छ । अत्यन्त सुस्त गतिमा भइरहेको परीक्षणले भाइरसको विस्तारलाई बढाउन थालेको छ । परीक्षण ढिलो हुँदा अस्पताल पुग्नै नपाई संक्रमितको मृत्यु भएको पछिल्लो घटना क्रमले पनि सरकारको अकर्मण्यता देखाएको छ । यतिसम्मको घटना भइसक्दा पनि हामीमा विवेकको ढोका बन्द भइरहनु शायद प्वाख पलाउन शुरू भएको लक्षण हो ।

बन्दका कारण जनजीवन अस्तव्यस्त बन्न पुगेको छ । ज्याला–मजदुरी गरेर परिबारको भरणपोषण गर्नेहरू सबैभन्दा ठूलो पीडामा छन्– यो कटु सत्य हो । अझ परिवार पाल्न कै लागि परदेश गएकाहरू झनै ठूलो कष्टमा होलान् । काम बन्द छ, सहाय कोही छैन, न जहान परिवार साथमा छन् । बाध्यताबश पैदल यात्रा गरेर देश फिर्दैछन् तर घर पुगिने अबस्था छैन । हजारौंको संख्यामा सीमानाकामा अलपत्र परेका छन् । उनीहरुको एक मात्र लक्ष्य घर पुग्नु रहेको छ । तेस्रो मुलुकमा भएकाहरूको पीडा अझै अत्यास लाग्ने रहेको सामाजिक सञ्जालमा पोखिएको छ । सबैलाई व्यवस्थित ढंगले घर फिर्ता गर्नु सरकारको मूल दायित्व हो । तर ऊसँग सामर्थ्य छैन, भएको भए ऊर्जाशील जनशक्तिलाई उत्पादनशील क्षेत्रमा लगाएर उत्पादकत्व वृद्धि गर्नेतर्फ सरकारको ध्यान जानेथियो ।

संक्रमित संख्या वृद्धि हुने क्रम तीव्र भएको छ । यसले महामारीको भयावहताको संकेत गर्दैछ । हामी अझै पनि सचेत, संयमित र सावधान नहुने हो भने दुर्घटनाको कालो बादललाई कसैले हटाउन सक्दैन । ठूलाबडालाई बिना प्रयोजन, बिना लक्षण परीक्षण गरेर जनताको करबाट संकलित ढिकुटी सक्ने सरकार क्वारेन्टाइनमा रहेकालाई परीक्षण नै नगरी मृत्युवरण गर्न विवश बनाउँछ भने अपेक्षा कोबाट गर्ने ! तसर्थ पहुँच नहुने वर्गले दैवको भर गर्नुको विकल्प छैन । यसैले पनि सरकारको बन्दाबन्दीको सीमाभित्र रहेर अनुशासन र मर्यादाको पालना गर्नु वर्तमानको सबैभन्दा ठूलो बहादुरी हो । यसैमा मात्रै हामी सबैको जीत छ, यसैबाट मात्र सबैको कल्याण हुन्छ । यसले मात्रै नेपाली आकाशमा लागेको कालो बादल हट्न सक्छ ।

# कोरोनाको कहरः अवसरको दुरुपयोग


विपेन्द्र राउत

कसलाई के-को धन्दा कसलाई के-को धन्दा घर ज्वाईंलाई खानकै धन्दा भन्ने नेपाली उखानसँगै विश्वमा फैलिएको महामारी र हाम्रो देशमा समेत फैलिएको कोरोना कोभिड-१९को त्रासभित्र पनि योमाथिका भनाइलाई चरितार्थ गरिरहेका छन् । देश लकडाउनमा छ तर यसै लकडाउनभित्र विभिन्न खिचडी पकाउनेको कमी छैन यहाँ । खिचडी पकाउनेलाई यो लकडाउनले, लकडाउन गर्न सक्दैन । कोरोनाले छुन सक्दैन । कुनै डर पनि छैन । त्रास पनि छैन बरु यसलाई अवसरको रुपमा लिएका छन् । यस देशका प्रधानमन्त्रीले । राजनीतिक दलले । केही सरकारी निकायले । केही व्यापारीले भने अरु पनि कोही छन् भने समयले बताउने छ ।

राष्ट्र प्रमुखहरु कोरोनाबाट कसरी बाँच्ने भन्ने उपाय खोजी रहेका छन् भने हाम्रा प्रधानमन्त्री कसरी आफ्नो कुर्सी बचाउने भन्ने विषयमा लागि रहेका छन् । कसैलाई प्रधानमन्त्री बनाउँछु त कसैलाई पार्टी अध्यक्ष बनाउँछु भनिरहेका छन् । उनीहरुलाई बाधक भएको छ त केवल कोरोना । कसैलाई यो कोरोनाले गर्दा प्रधानमन्त्रीको कुर्सी पाउन ढिला भयो भन्ने लागेको होला त कसैलाई

> कोरोनाको कहरमा अवसरको दुरुपयोग गर्नेको भलो अवश्य नै हुने छैन । भ्रष्टाचार या कालोबजारी जे गरे पनि आजसम्म मैले गरेको कर्मबाट बाची रहेको छु भनेर नबसौं एक दिन न एक दिन अवश्य पनि ति भ्रष्टाचारीहरु कालोबजारीहरु पक्राउ पर्ने छन् । यो कोरोनाले सिकाएको पाठभन्दा बढी त्रास नेपालको कानूनले दिने छ ।




पार्टी अध्यक्ष बन्न ढिला भयो भन्ने लाग्या होला । कतिलाई मुख्यमन्त्री बन्न ढिला भयो होला । कतिलाई यो कोरोनाले गर्दा दिन दुई गुणा रात चौगुणा भएको होला तर आमनेपाली जनता मुकदर्शक बनेका छन् । रोग र भोकसँग लड्न बाध्य भएका छन् । पार्टीका कार्यकर्ता टोल छिमेकमा मुखै देखाउन नसकिने भयो भन्न थालेका छन् । यो लकडाउनमा कसैलाई के को धन्दा कसैलाई के को धन्दा । आ-आफ्नो धन्धा चलेकै छ । जनता घरबाट बाहिर निक्लन पनि सक्दैनन् ।

बाहिर कोरोनाको डरभित्र भोकको कहर । आ-आफ्नो कथा, व्यथा बोकेर लकडाउन चलिरहेको छ । लकडाउनले कसैलाई हाई-हाई बनाएको छ भने कसैलाई बाई-बाई बनाएको छ । कही नभएको जात्रा हाँडी गाउँमा भने भैं यो महामारीकोबीचमा यही देशमा विभिन्न घटना परिघटना हुने गर्दछ । विश्वमा संक्रमणको त्राससंगै हाम्रो देशमा अतिक्रमणको त्रास बढेको छ । कोरोनासंग लड्न सके पनि छिमेकी देशसँग लड्न गाह्रो हुने प्रतिक्रिया पनि व्यापक छ ।

यही कोरोनालाई अवसरमा परिणत गर्दै छिमेकी देशले नेपाली भूमिमा अतिक्रमण गऱ्यो भन्ने चर्चा शुरु भएको छ भने अर्कोतिर 'देशको मेरुदण्ड' भन्दै हरेक मिनेट हाम्रो रेडियो, टेलिभिजनमा बज्ने विज्ञापन जगदम्बा ग्रुपका मालिक नेपालका सम्पन्न उद्योगपति एक झट्कामा लगभग २४ करोड जति कमाउने दाउमा रहेका जगदम्बा ग्रुपका सञ्चालक शुलभ अग्रवाल चर्चामा छन् । सपना त राम्रो बुनेका थिए । हातको कमाई न उधारो न कुनै झञ्झट विना । उनको सपना जब चैत्र २५ गते रंगेहात पक्राउ परे तब उनका सात पुस्ताले पनि नविर्सने गरी उनका कालो दिन शुरु भएको थियो ।

एउटा व्यापारीको उद्देश्य पैसा कमाउनु हुन्छ तर पैसा कमाइरहँदा निश्चित नाफा खानुपर्ने नेपालको कानून रहेको हुँदा पुलिसले कालोबजारी आरोपमा व्यवसायी शुलभ अग्रवाललाई जिल्ला अदालतबाट छुटेसंगै पुनः पक्राउ गरेको छ । ज्वरो नाप्ने थर्मल गन कालोबजारी गरेको आरोपमा पक्राउ परेका अग्रवालको काठमाडौ जिल्ला अदालतमा सुनुवाई भएको थियो । व्यवसायी अग्रवाल ५ हजार रुपैयाँ पर्ने थर्मल गन १५ हजार रुपैयाँमा बेच्न खोजेको भन्दै प्रहरीको महानगरीय अपराध अनुसन्धान महाशाखाको टोलीले चैत्र २५ गेत नक्सालबाट सप्रमाण पक्राउ गरेको थियो ।

देशका यति ठूला व्यापारी जसको राजनीतिक पहुँच कति थियो होला तर यो कामप्रति नेपाल प्रहरी सम्मानको लायक बनेको छ । एउटा अपराधीलाई कसरी कारबाही गर्नुपर्छ भनेर नेपाल प्रहरीले प्रमाणित गरेको छ । देशमा यसरी नै अपराधीलाई कारबाही गर्नुपर्छ । कानूनले साना ठूला भन्नु हुँदैन अनि राजनीतिक पार्टीले पनि संरक्षण गर्नु हुँदैन । कोरोनाको कहरसँगै देशमा चलेको अर्को कहर शलभ अग्रवाललाई छुट्याउनु रहेको थियो । जसरी कोरोनाको नियन्त्रणमा विश्वका शक्तिशाली राष्ट्र गलेका छन्, सोही अनुरुप शुलभ अग्रवाल काण्ड भएको छ । करिव २५ दिनपछि धरौटीमा छुट्न लागेका शुलभ धरौटी बुझाएर छुटेर बाहिर निक्लनै लाग्दा फेरि प्रहरीले सम्पत्ति शुद्धिकरण सम्बन्धी विषयमा पनि अनुशन्धान गर्नुपर्ने भएकाले उनलाई पक्राउ गरेको थियो ।

उनलाई लिन आधा दर्जन गाडीहरु तैनाथ थिए । बाहिर उनका बुबा, उनका भाइ लगायत आफन्तको ठूलो जमात व्यग्र प्रतिक्षामा थिए तर विडम्वना शुलभ बाहिर निस्कन पूर्व फेरी समातिए । परिवारमा कस्तो विपत्ति परेको होला । परिवार, आफन्तको मनमा के होला । सन्तानको त्यो दशा देख्दा बाबुको मन कति रोयो होला । दाजुलाई प्रहरीले कठालोमा समाएर लगिरहँदा भाइको मनमा कस्तो भयो होला । मानिसको मन हो आफन्तको भावना हो कति दुख्यो होला । परिवारलाई लाग्न सक्छ के नै अपराध गरे र भन्ने पनि तर आखिर उनले गरेको कर्म गलत थियो । कानूनको उल्लङ्घन थियो । कानून विपरीत थियो । देश आज महामारीको भूमरीमा पिल्सन लाग्दा मौकाको फाइदा उनी लिँदै थिए । रोगसँगको लडने हतियारमा उनी कालोबजारी गरिरहेका थिए ।

मानिस यो सामान नपाएर भौतारिरहेका थिए । शुलभ अग्रवाल आज दण्डित बनिरहँदा यस्ता कयौ शुलभ अग्रवाल होलान् जो आज पनि यस्ता कयौ धन्दा गरिरहेका होलान् । उनी पो आज पक्राउ परे योभन्दा अघि पनि कति यस्ता काम गरे होला । उनैको आफन्त परिवारबाट यस्ता काम सिके होला । मानिसले धेरै कुरा परिवारबाट सिक्ने भएको हुँदा उनको संस्कार नै त्यसरी नै भएको थियो कि ! मानिसले कर्मको फल यही जुनीमा पाइन्छ । आज शुलभ अग्रवालले कर्मको फल भोगेका छन् । गलत गर्ने मानिसहरुले कमाएको सम्पत्तिले क्षणिक सुख त पाउलान् । ठूला-ठूला महल त बनाउलान् तर मनमा शान्ति हुँदैन । महंगा गाडीको सवार गर्लान् तर मनमा डरले बास गरिरहन्छ । साथीभाइ आफन्तको साथ सहयोग रहँदैन । मानिसले सबैलाई ढांटन सक्छ तर आफूले आफूलाई ढाँटन सक्दैन । पैसा, पावर र पदले पनि त्यसबेला काम गर्दैन । सुखमा साथ दिने साथीभाइले पनि त्यो अवस्थामा साथ दिँदैनन् । नचिने झै गर्छन् । पुलिस प्रशासन अन्जान बन्छ । उनले सम्पत्ति कमी भएर त्यो कार्य गरेका थिएनन् । सम्पत्तिको भोकले त्यो कार्य गरेका थिए ।

मानिसले भोकलाई पहिचान गर्न सक्नुपर्छ । खाली पेटको भोक हो कि भरि पेटको रोग हो हामीले भोकको रोगलाई पहिचान गर्न सक्नुपर्छ । पद, प्रतिष्ठा र पैसा जीवनमा कमाउन धेरै गाह्रो छ तर शुलभ अग्रवालले ति सबै कमाएका थिए । बाबुले ठूलै सामाज्य खडा गरि सकेका छन् । बाबुले साम्राज्य कसरी बनाए त्यो आज छोराको हर्कतले पनि शिद्ध गरेको छ । एउटा छोरो जहिलै आफ्नो बाबु जस्तै बन्न चाहन्छ । मानिसलाई पैसाको भोकले अन्धो बनाउँछ । बहिरो बनाउँछ र एक्लो पनि बनाउँछ । त्यसको ज्वलन्त उदाहरण शुलभ अग्रवाल बनेका छन् । अरबौंको सम्पत्ति हुँदाहुँदै त्यस्तो कुकर्म गर्न लालायित हुनु भनेको संस्कारलाई नै मान्नुपर्छ ।

आज उनी मिडियाबाट टाढा भाग्नुपर्ने अवस्था आयो साथीभाइबाट लुक्नुपर्ने अवस्था आयो । सारा मिडियाबाट 'देशको मेरुदण्ड' भनेर मिनेट मिनेट भनी रहँदा त्यो मेरुदण्डको जग कसरी बनेको रहेछ हामी सहजै अनुमान गर्न सक्छौ ।

कोरोनाको कहरमा अवसरको दुरुपयोग गर्नेको भलो अवश्य नै हुने छैन । भ्रष्टाचार या कालोबजारी जे गरे पनि आजसम्म मैले गरेको कर्मबाट बाची रहेको छु भनेर नबसौं एक दिन न एक दिन अवश्य पनि ति भ्रष्टाचारीहरु कालोबजारीहरु पक्राउ पर्ने छन् । यो कोरोनाले सिकाएको पाठभन्दा बढी त्रास नेपालको कानूनले दिने छ । शुलभ अग्रवाल त शुरुवात मात्र हो हेदै जाउँ कति शुलभहरु यस देशमा रहेका छन् । हिन्दीमा भनाइ छ । 'देर हे अन्देर नही है' भने झै पालो सबैको आउँछ चेतना भया ।

# विश्वभर ३ लाख १६ हजारको मृत्यु

**जेनेभा, जेठ ५।** कोरोनाभाइरसका कारण विश्वभर ३ लाख १६ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ४८ लाख नाघेको छ ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार सोमबार मध्यान्हसम्ममा विश्वभर २४ घण्टाको अवधिमा ८२ हजार २५७ जना नयाँ संक्रमित भेटिएका छन् । यसअघि अघिल्लो २४ घण्टामा विश्वमा ९५ हजार ६०० जना नयाँ संक्रमित भेटिएका थिए । विगत २४ घण्टामा विश्वभर ३ हजार ६१८ जनाको ज्यान गएको छ ।

प्राप्त समाचार अनुसार विश्वभर करिब ४४ हजार ८१९ जनाको स्वास्थ्य अवस्था कोरोनाभाइरसबाट अत्यन्त जटिल रहेको छ भने २५ लाख ८३ हजारको स्वास्थ्य अवस्था सामान्य छ ।

युरोपेली मुलुकहरुमध्ये कोरोनाभाइरसबाट बेलायतमा सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । पछिल्लो विवरण अनुसार बेलायतमा ३४ हजार ६३६ जनाको कोरोनाभाइरसका कारण मृत्यु भइसकेको छ । संयुक्त राज्य अमेरिकामा मृत्युदरमा उतारचढाव यथावत छ । पछिल्लो २४ घण्टामा अमेरिकामा ८३५ जनाको मृत्यु भएको छ । योसहित अमेरिकामा मृत्यु भएका व्यक्तिको कूल संख्या ९० हजार ९७८ पुगेको छ ।

कोरोनाभाइरसबाट सर्वाधिक दैनिक मृत्युदर रहेका इटाली, स्पेन र फ्रान्समा २४ घण्टाको अवधिमा अघिल्लो दिनको झैं सामान्य रहेको छ । विगत २४ घण्टामा इटालीमा १४५, स्पेनमा ८७ र फ्रान्समा ४८३ जनाको ज्यान गएको छ ।

दक्षिण अमेरिकी देशहरुमध्ये कोरोनाभाइरसको इपिसेन्टरका रुपमा देखिएको ब्राजिलमा १६ हजार १२२ जनाको मृत्यु भइसकेको छ । विगत २४ घण्टामा ब्राजिलमा ४८५ जनाको ज्यान गएको छ ।

## भारतमा संक्रमितको संख्या ९६ हजार नाघ्यो

**भारत, जेठ ५।** गत २४ घण्टामा भारतमा ५ हजार २४२ जना कोरोना भाइरस संक्रमित थपिएका छन् । यसैसँगै भारतमा सोमबारसम्म कोभिड-१९ संक्रमितको संख्या ९६ हजार १९६ जना पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

भारतमा आइतबार एकैदिनमा १५७ कोरोना भाइरस संक्रमितको मृत्यु भएको छ । त्यसपछि भारतमा कोभिड १९बाट मृत्यु हुने व्यक्तिको संख्या ३ हजार २९ जना पुगेको छ । यस संक्रमणबाट निको भएका बिरामीको संख्या ३६ हजार २९ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ । भारतमा सोमबार बिहानसम्मको तथ्याङ्क अनुसार हाल यो रोगका ५९ हजार ३४५ जना संक्रमितहरु अस्पतालमा उपचार गराइरहेका छन् ।

कोभिड-१९बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यमा नागरिक संक्रमित भएका छन् । यहाँ मात्र ३३ हजार ५३ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् । कोरोनाको संक्रमणबाट महाराष्ट्रमा १ हजार १९८ जनाको मृत्यु भएको छ ।

महाराष्ट्रपछि गुजरात दोस्रो स्थानमा रहेको छ । त्यहाँ ११ हजार ३७९ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । गुजरातपछि तमिलनाडूमा ११ हजार २२४ संक्रमति रहेका छन् । दिल्लीमा कोरोना भाइरसको संक्रमणको संख्या १० हजार ५४ पुगेको छ ।

# दिवेश 'फस्ट रनर अप'


दिवेश पोखरेल अमेरिकन आइडलको फस्ट रनर अप बनेका छन् । अमेरिकाको कन्सास राज्यको विचिटा शहरमा

बस्दै आएका २२ वर्षीय पोखरेल अमेरिकन आइडलको १८ औँ संस्करणको फस्ट रनर अप बनेका हुन् ।

छनोट चरण हुँदै अन्तिम २०, १०, ७ र फाइनल चरणका लागि अन्तिम पाँचभित्र समेटिँदै पोखरेल फाइनलमा पुगेका थिए । अमेरिकन आइडलमा आर्थर गनको नामबाट सहभागी पोखरेलले आइडलको छनोट चरणदेखि नै निर्णायकको मत जित्दै आएका थिए । मतमार्फत अघि बढ्ने चरणमा समेत उनले उत्साहप्रद मत प्राप्त गरेका थिए । उनको आइडलको सहभागितासँगै अमेरिकामा रहेको नेपाली समुदायमा आइडलप्रतिको चासो ह्वात्तै बढेको थियो । विश्वभर छरिएको नेपाली समुदायबाट उनलाई मत प्राप्त भएको थियो । त्यसका निम्ति पोखरेलले सबैमा आभारसमेत व्यक्त गरेका छन् ।

गत सेप्टेम्बरमा दिवेश आइडलका लागि छनोट भएका थिए । फ्रेन्च कवि आर्थर रिमबाउडबाट प्रभावित भएर आफ्नो स्टेज वा साङ्गीतिक नाम आर्थर गन राखेको उनले बताए । उनी छ वर्षअघि अमेरिकामा बस्दै आएका छन् । काठमाडौंमा जन्मिएका दिवेशले अमेरिका आउनुअघि पनि नेपाली सङ्गीतिक कोसेली एल्बम 'ग्रहण' सार्वजनिक गरेका थिए ।

दिवेश फस्ट रनर अप भएको एबिसी टेलिभिजनले सञ्चालन गर्ने आइडलको उपाधि भने २१ वर्षीया जष्ट सामले जितेकी थिइन् । उपाधि विजेता जष्ट लाइबेरियाली मूलकी हुन् ।

# शहरको भीडमा बिहान र साँझको हिँडाइ बन्द गरौं



**झापा, जेठ ५।** लकडाउनको अवधि लम्बिँदै जाँदा बिहान र साँझ हिँड्नेको सङ्ख्या बढ्दै गएको छ। साँघुरा बाटामा समेत हिँड्नेहरूको सङ्ख्या बढेपछि जोखिम थपिएको चिकित्सकहरू बताउँछन्।

मानव स्वास्थ्यका लागि व्यायाम अतिआवश्यक पर्दछ। चिकित्सकहरूले पनि बिहान बेलुकी हिँड्न सुझाव दिने गर्दछन्। यतिबेला लकडाउनका कारण दिनभर घरमा खाएर बस्ने मात्रै गर्दा विभिन्न रोग लाग्न सक्ने जोखिम त्यतिकै छ।

भरतपुर अस्पतालका मेडिकल विभाग प्रमुख डा. प्रकाश खतिवडा भिडमा बाहिर नहिँड्न सुझाव दिन्छन्। तीन मिटर फरकमा गुणस्तरीय मास्क लगाएर हिँड्न सकिने भए पनि त्यो सबै व्यवस्थापन शहरी क्षेत्रमा सम्भव नहुने भएकाले जोखिम नमोल्न उनको सुझाव छ। घरमा योग गर्न सुझाव दिँदै खतिवडाले अहिलेको अवस्थामा सबै सचेत हुनुपर्ने बताए। साँघुरा सडकमा गाडी आउँदाबीचको भाग छोड्नु पर्छ। छेउबाट भीड गरी हिँड्दा उच्च जोखिमको सम्भावना रहन्छ।

वरिष्ठ फिजिसियन डा. कालिदास अधिकारी सामाजिक दूरी कायम गरेर तीन पत्रे (ट्रिपल लेयर) सर्जिकल मास्क प्रयोग गर्दा कम जोखिम भए पनि भिडमा नहिँड्नु नै उपयुक्त भएको बताउँछन्। अहिले बजारमा त्यस्ता मास्क पाउनै मुस्किल भएको भन्दै यो जोखिमको समयमा घरमै व्यायाम गर्न उनले सुझाव दिए। पहाडी र खाली ठाउँमा हिँडडुल गर्न र सामाजिक दूरी कायम गरी खेतमा काम गर्न सकिए पनि शहरी क्षेत्रमा नहिँड्न उनको सुझाव छ।

अहिले जिल्लाको शहरी क्षेत्रमा बिहान सबेरैदेखि र साँझ हुलका हुल मानिस हिँड्ने गरेको पाइन्छ। विगतमा भन्दा धेरै मानिस हिँड्ने गरेको देखिन्छ। मास्कविना र साधारण कपडाको मास्कमा हिँड्डुल गरेको पाइन्छ। सामाजिक दूरी कायम गर्न कठिन छ। नजिकैबाट हिँड्नेले खोक्दा, थुक्दा, हाच्छ्यु गर्दा यसको जोखिम हुने अधकारीको भनाइ छ। घरमै बस्ने र व्यायाम गरेमा सबै रोगबाट बच्न सकिने चिकित्सकको सुझाव छ।

## दर्ता बिनाका औषधि जफत

**भद्रपुर, जेठ ५।** झापाका औषधि पसलहरूले दर्ता बिनाका औषधिहरू बिक्री गरिरहेको फेला परेको छ।

कोरोना त्रासपछि लकडाउनको समयमा औषधि पसलहरूले मास्क, पञ्जा तथा स्यानिटाइजर बढी मूल्यमा बिक्री गरेको जनगुनासो बढेपछि सदरमुकाम भद्रपुर नगर क्षेत्रका औषधि पसलहरूको अनुगमन गरिएको थियो।

अनुगमनको क्रममा तीन वटा पसलबाट दर्ता बिना र खाद्य पूरक औषधि जफत गरिएको छ। दुर्गा मेडिकल हल भद्रपुर, कृपा फार्मेसी चन्द्रगढी र संगम औषधालयबाट ती औषधि जफत गरिएको औषधि व्यवस्था विभाग विराटनगरका निमित्त प्रमुख सञ्जीव शर्मा कट्टेलले जानकारी दिए। औषधि जफत गरिएका तीनै वटै पसललाई लकडाउनपछि कार्यालयमा उपस्थित हुन निर्देशन दिएको उनले बताए।

जिल्ला प्रशासन कार्यालयको अगुवाइमा औषधि व्यवस्था विभाग बिराटनगर, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर नगरपालिका, झापा उद्योग वाणिज्य सङ्घले संयुक्त रूपमा नगर क्षेत्रका १२ वटा औषधि पसलको अनुगमन गरेका थिए।

अनुगमनको क्रममा औषधि पसलहरूले उपभोक्तालाई बिल नदिने गरेको, कस्मेटिक सामान बिक्री गरेको, नवीकरण नगरिएका पसललाई सचेत पत्र दिइएको र फेरि पनि त्यस्तै भेटिए जरिवाना गरिने जिल्ला बजार अनुगमन समितिका संयोजक तथा झापाका सहायक प्रमुख जिल्ला अधिकारी राजकुमार राईले बताए।

अनुगमन टोलीमा सहायक प्रमुख जिल्ला अधिकारी राई, औषधि व्यवस्था विभाग बिराटनगरका निमित्त प्रमुख कट्टेल, घरेलु तथा साना उद्योग कार्यालय झापाका प्रमुख छविलाल खतिवडा, कर्मचारी दुर्गा बास्तोला, जिल्ला स्वास्थ्य कार्यालय झापाका प्रमुख ईश्वरी पौडेल, भद्रपुर नगरपालिका राजेन्द्र ढकाल र झापा उद्योग वाणिज्य संघका महासचिव पंकज शर्मा लगायतको सहभागिता रहेको थियो।

## लकडाउनमा थप कडाइ

**विराटनगर, जेठ ५।** विराटनगर महानगरपालिकाका केही वडामा कोरोना सङ्क्रमित देखिएपछि लकडाउनलाई प्रहरीले कडा बनाएको छ।

जथाभावी हिँड्डुल तथा लकडाउन उल्लंघन गर्नेलाई प्रहरीले नियन्त्रणमा लिने र सजाय समेत दिने गरेको छ। लकडाउनमा प्रहरीले औषधि, दूग्ध र पानी बिक्री वितरण गर्नेलाई छुट दिएको छ भने अन्य क्रियाकलापमा बन्देज लगाएको जिल्ला प्रहरी कार्यालयका नायब प्रहरी उपरीक्षक मानबहादुर राईले जानकारी दिए। वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा गरिएको कोरोना परीक्षणमा विराटनगरका ३६ वर्षीय पुरुष र २९ वर्षीया महिलामा संक्रमण भएको पुष्टि थियो।

# पुस्तक नपाउँदा विद्यार्थी र अभिभावक समस्यामा

**विनोद सापकोटा**

**झापा, जेठ ५।** विश्वसँगै नेपाल पनि कोरोना भाइरस महामारीको असरबाट नराम्रोसँग प्रभावित बनेको छ। सङ्क्रमितको सङ्ख्या दिनप्रतिदिन बढ्दो छ भने दुई महिनाभन्दा लामो समयसम्म कोरोना भाइरसबाट कसैकोपनि मृत्यु नभएकोमा अचानक दुई दिनमा दुईजनाले ज्यान गुमाएका छन्।

महामारीले भयावह रुप लिनसक्ने आँकलन धेरैतिरबाट भइरहेको छ। यसको प्रभाव समाजका हरेक क्षेत्रमा पनि परेको छ। अरुसँगै शिक्षा क्षेत्र पनि नराम्रोसँग प्रभावित बनेको छ। नयाँ शैक्षिक सत्र शुरु हुनै लाग्दा महामारीको त्रासका कारण लकडाउन शुरु भएर पटक-पटक थपिँदै गएको छ। विश्व स्वास्थ्य सङ्गठन र विश्वभरका मनोविज्ञहरुको चिन्ता छुट्टै छ। मानिसहरुमा मानसिक समस्या आउने खतरातर्फ उनीहरुले सचेत गराइरहेका छन्। यस्तोमा नेपालका विद्यालय तहका बालबालिकाहरु पनि अन्योल र दुविधामा छन्।

नेपाल सरकारका शिक्षासँग सरोकार राख्ने निकायहरु कुनै जिम्मेवारीपूर्ण र समाधानयुक्त बाटो खोज्नुभन्दा बिहान एउटासाँझ अर्को फरक-फरक विज्ञप्ति र सूचनाहरु निकाल्नमै व्यस्त छन्। कहिले पुस्तकलाई पनि अत्यावश्यक सूचीमा राख्ने भन्छन्, कहिले होइन भन्छन्। कहिले जनक शिक्षाको किताबलाई छुट अरुलाई छैन भन्छन्। कहिले एसईई परीक्षा नगरी छोड्दैनौं भन्दैछन् त कहिले ठेगान छैन भन्दैछन्।

यसरी अन्यौलमा राख्ने क्रममा नयाँ पाठ्यक्रम अनुसारको कक्षा १को पुस्तकका बारेमा झनै अन्यौलको स्थिति सिर्जना भएको छ। यतिसम्म कि एउटै घरका दाजुदिदीले लकडाउनकै बेला पुस्तक पसलबाट पाठ्यपुस्तक किनेर पढ्दा भाइबहिनीले कक्षा १को पुस्तक पढ्न पाएका छैनन्। आखिर किन यस्तो भयो ? यसको जवाफ सवैतिरबाट खोज्न थालिएको छ।

सामुदायिक विद्यालयका विद्यार्थी र निजी अर्थात् संस्थागत विद्यालयका विद्यार्थीमाथि सिँधै पक्षपात गरिएको कुराको चर्चा हुन थालेको छ। सामुदायिक विद्यालयको कक्षा १को पुस्तक बजारमा छ्याप्छ्याप्ती हुँदा सस्थागत विद्यालयको पुस्तक किन बजारमा आउन सकेन ? प्रश्न खडा भएको छ। के निजी विद्यालयमा पढ्ने विद्यार्थीहरुलाई पढ्न पाउने अधिकार प्राप्त हुनुपर्दैन ? के ती बालबालिकाले निजी विद्यालयमा पढेर गल्ती गरिरहेका हुन् ? या अरु के कारण छ ? सरकारको स्वामित्तमा रहेको जनक शिक्षा सामग्री केन्द्रबाट प्रकाशित हुने कक्षा १का पुस्तकहरु बजारमा र पसल-पसलमा पुगिसक्दा पनि निजी विद्यालयमा अध्ययनरत् विद्यार्थीले पढ्ने पुस्तकले अनुमतिसम्म पाएका छैनन्। झापाका एक शिक्षासेवी भन्छन्- 'यो त ती हजारौं बालबालिकामाथिको सरासर विभेद र अन्याय हो।'

पाठ्यक्रम विकास केन्द्र विगत करिब डेढ महिनादेखि प्रमुखविहीन छ (पाठ्यक्रमका तत्कालीन महानिर्देशक डा. लेखनाथ पौडेल २०७६ चैछ २४ गते नै सेवानिवृत्त भएर गइसकेका छन्)। करोडौं लगानी गरेर प्रकाशन क्षेत्रमा लागेका निजी प्रकाशकहरु लामो समयसम्म कक्षा १को पुस्तकको अनुमति सम्बन्धी निर्णय नहुँदा पुस्तक छाप्न नपाएको गुनासो गरिरहेका छन्। योभन्दा ठूलो चिन्ता अभिभावक र तिनका बालबालिकाहरुमा परेको छ।

०७७ को शैक्षिक सत्र लकडाउनले थलिएपनि विद्यालयहरु अन्यौलमा छन्। कक्षा १का लागि कुन पुस्तकको सूची निकाल्ने ? अरु कक्षाका पुस्तकहरु छ्यापछ्याप्ती बजारमा र अभिभावकमार्फत विद्यार्थीका हात-हातसम्म पुग्दा कक्षा १मा पढ्नुपर्ने बालकालिका पुस्तक नपाएर निराश बन्न थालेका छन्। उनीहरुको मनोविज्ञानमा समेत असर पर्न थालेको अभिभावक बताउँछन्।

निजी विद्यालय सञ्चालकहरु पनि यसो हुनुमा सरकारको निजी क्षेत्रलाई अप्ठेरोमा पार्ने नियत अन्तर्गत त हैन भनेर शंका गर्न थालेका छन्। निजी प्रकाशक या निजी विद्यालयहरुको भन्दा पनि यहाँ आम चासो र चिन्ताको विषय भर्खर पूर्वप्राथमिक तह सकाएर नयाँ कक्षा (कक्षा १) मा गएर पुस्तक पढ्न पाउने प्रतीक्षामा रहेका बालबालिकाको हो। त्यसै पनि घरभित्र थुनिएर रहनुपर्दाको गाह्रो समयमा कम्तीमा नयाँ कक्षाका पुस्तक पढ्न पाउँदा पनि उनीहरुको मन फुरुङ्ग हुने अभिभावक रामबहादुर दाहाल बताउछन। भन्छन्- 'पाठ्यपुस्तक पाए लकडाउनमा पनि घरैमा बसेर छोरोले पढ्थ्यो। मलाई पनि हल्का महशुस हुन्थ्यो। पाठ्यक्रम विकास केन्द्रका सूचना अधिकारी गणेश भट्टराईले महानिर्देशक नियुक्ति ढिलाई र लकडाउननै प्रमुख कारण कक्षा १को पुस्तक स्वीकृतका लागि विलम्ब भएको बताए। उनले भने- 'केन्द्रका पदाधिकारी उपत्यका वाहिर रहेकोले बैठक नहुँदा निर्णय समेत हुन नसकेको हो। हामिले मन्त्रालयमा लिखित जानकारी गराएका छौ। मन्त्रालयबाट अख्तियारी आउने वित्तिकै कक्षा १को पाठ्यक्रम स्वीकृत हुन्छ।'

उनका अनुसार प्रविधिको प्रयोग गरेर भए पनि बैठक बस्न सकिने छ। कक्षा १को लागि पाठ्यक्रम विकास केन्द्रले कुनै पनि पव्लिकेशनको पुस्तक स्वीकृत नगरेकाले अन्योल कायमै रहेको उनले बताए। 'केन्द्र यो विषयमा लागि रहेको छ। केन्द्रले संशोधनका लागि फिर्ता पठाएका पुस्तक आउने क्रम बढेको छ। केही दिनमै समस्याको समाधान हुनेमा हामी ढुक्क छौं'- उनले भने।

आखिर कहिलेसम्म पाउँछन् त कक्षा १का बालबालिकाले आफ्ना पुस्तक ? के पाठ्यक्रम विकास केन्द्रले नयाँ हाकिम नपाउँदासम्म यी अबोध बालबालिकाले पुस्तकका लागि पर्खनै पर्ने हो ? के ले रोकिरहेको छ पाठ्यक्रम विकास केन्द्रले नयाँ महानिर्देशक पाउनलाई ? धेरै प्रश्नहरु अनुत्तरित छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसहित सरोकारवाला सबैको यो गहन विषयमा ध्यान जान जरुरी ठान्छन शिक्षाविद्हरु।

# बन्दाबन्दीमा 'होलेसुङ-जनकराज मार्ग' स्तरोन्नति

**खोटाङ, जेठ ५।** हलेसी तुवाचुङ नगरपालिक-५ दुर्छिमका स्थानीय बासिन्दाले चार वर्षअघि निर्माण गरेको 'होलेसुङ-जनकराज राई मार्ग' स्तरोन्नतिको थालिएको छ।

स्थानीय बासिन्दाको श्रम तथा चन्दा सङ्कलनबाट अढाई वर्ष लगाएर निर्माण गरिएको दुर्छिमस्थित छापडाँडाको दलस्वर चोकदेखि सुनकोशीको बतासेघाट जोड्ने १३.२७ किलोमिटर सडकका लागि प्रदेश नं. १ सरकारले बजेट विनियोजन गरेपछि बन्दाबन्दीकै समयमा सडक स्तरोन्नतिको तयारी गरिएको हो। पूर्वी तराईबाट उदयपुरको लिम्चुङबुङ गाउँपालिका हुँदै त्रिधार्मिकस्थल हलेसी आवतजावत गर्ने सबैभन्दा छोटो पर्यटन मार्गका रूपमा उपयोग गर्न सकिने 'होलेसुङ-जनकराज राई मार्ग' स्तरोन्नति गर्न आर्थिक वर्ष २०७६/०७७मा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट रु. २५ लाख बजेट प्राप्त भएको छ। 'आफ्नो गाउँ आफैं बनाऔं' भन्ने नाराका साथ वि.सं. २०७२मा निर्माण सम्पन्न गरेर सञ्चालनमा ल्याइएको सो सडक स्तरोन्नति गर्न स्थानीय कमल चाम्लिङको अध्यक्षतामा निर्माण उपभोक्ता समिति गठन गरिएको छ।

उपभोक्ता समितिको उपाध्यक्षमा धनहरि राई, सचिवमा भोजराज राई, सहसचिव दविन राई, कोषाध्यक्षमा अञ्जना राई तथा सदस्यमा बलबहादुर राई, विशाल राई, मैना राई र तिम्सिना राई चुनिएका छन्। यस्तै, बाबुराम राईको संयोजकत्वमा केवलनारायण राई र लगनकुमारी राई सदस्य रहेको अनुगमन समिति बनाइएको छ।

कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण गर्न सरकारले लागू गरेको बन्दाबन्दी जारी रहेकाले सडक स्तरोन्नतिका लागि नगरपालिकासँग अनुमति मागिएको निर्माण उपभोक्ता समितिका अध्यक्ष चाम्लिङले बताए। बन्दाबन्दीको अवसर पारेर अधिकांश युवा गाउँ फर्किएका छन्- उनले भने- सडक स्तरोन्नतिको काम पनि यही मौकामा गर्नुपर्ने भएकाले तिनै युवालाई सहभागी गराएर गर्ने योजना बनाएका छौं।

'स्थानीय पहिचान, स्थानीय विकास र समाजसेवालाई जोडौं' भन्ने नारासहित खोटाङ तथा खोटाङ बाहिरका ३७८ दाताको आर्थिक सहयोगमा विसं २०६९ चैत ५ गते दुर्छिमको दलश्वरचोकदेखि शुरु गरिएको सुनकोशी किनारको बतासेघाट जोड्ने सडक विसं २०७२ जेठ ९ गते उद्घाटन गरिएको थियो। स्थानीय बासिन्दाको सक्रियतामा गाउँमा सडक पुगेर यातायातसमेत नियमितरूपमा सञ्चालन भएसँगै दैनिक उपभोग्यवस्तु ढुवानी तथा आवतजावतमा सहज भएको छ।

करिब ४०० वर्षअघिका हलेसी थुमका शासक होलेसुङको स्मृति तथा सडक निर्माणमा सबैभन्दा बढी आर्थिक र भौतिक सहयोग गर्ने समाजसेवी जनकराज राईको योगदानको कदरस्वरुप सडकको नाम 'होलेसुङ-जनकराज राई मार्ग' राखिएको निर्माण उपभोक्ता समितिले जनाएको छ। सडक निर्माणका लागि समाजसेवी जनकराज राईले मात्रै रु २२ लाख ५४ हजार २३७ आर्थिक सहयोग गरेका थिए।

सडक निर्माणका लागि तत्कालीन दुर्छिम गाविसबाट रु. दुई लाखको हाराहारीमा मात्र बजेट प्राप्त भएको निर्माण उपभोक्ता समितिले जनाएको छ। स्थानीय कृषिउपज ढुवानी तथा आवतजावतमा प्रयोग हुने उक्त सडक निर्माणका लागि आवश्यक बाँकी रकम दाताबाट गच्छे अनुसार जुटाइएको हो।

## बालयौन दुरूपयोग गरेको आरोपमा पक्राउ

**झापा, जेठ ५।** १२ वर्षीया बालिकालाई बालयौन दुरुपयोग गरेको अभियोगमा पर्वत कुश्मा नगरपालिका-७ बस्ने ६५ वर्षीय रमाकान्त शर्मालाई प्रहरीले पक्राउ गरेको छ।

आफ्नो पसलमा सामान किन्न आएको समयमा शर्माले ती बालिकालाई बालयौन दुरुपयोग गरेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय पर्वतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

जिल्ला अदालत पर्वतबाट बालयौन दुरुपयोग मुद्दा शीर्षकमा म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ।


बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।



उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८



पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रबो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्र्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्। 'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

वर्गीकृत विज्ञापन

सुवर्ण अवसर

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५


हिजोको सूनचाँदीको भाऊ

| | |
|---|---|
| छापावाला सुन : | ७७,०००।- |
| तेजावी सुन : | ७६,७००।- |
| असल चाँदी : | ७२५।- |


कोरियन भाषामा विशेष छुट

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाडै सम्पर्क गर्नुहोला।
Divine Int'l Acadamy (Dia)
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

डाक्टर आउने बारेको सूचना

डा. पवन पराजुली NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर
बिर्तामोड अन्धुवा खोला छेउ (०२३-५४२८४५)

अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३०, ८ :३०, ९ :१५, १० :१५, ११ :१५, १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। कर्मयोगले नयाँ मोड लिनेछ भने मिहिनेतले नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** साँझदेखि साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला। बेसुरमा काम गर्दा दुस्ख पाइनेछ। पुरानो गतिले पनि काम बिग्रन सक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** समयमा वचन पुर्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन्। बेसुरमा बोल्ने बानीले वादविवाद निम्त्याउन सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** परिस्थितिको बन्धनले पनि स्वतन्त्रतामा बाधा पुऱ्याउला। साँझदेखि स्थितिमा सुधार आउनाले नयाँ मार्गतर्फ अग्रसर भइनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** व्यापार बढ्नाले लाभ हुनेछ। कामको लगावले मनग्गे धन आर्जन हुनेछ। विभिन्न भौतिक साधन संग्रह गर्ने अवसर प्राप्त हुनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** अवसर प्राप्त भए पनि भूलवश काममा बाधा होला। बेसुरको निर्णयले समस्या निम्त्याउनेछ। आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** शुभचिन्तकहरूले अप्ठ्यारो पर्दा साथ दिनेछन्। दोहोऱ्याएर प्रयास गर्दा रोकिएको काम बन्नेछ। प्रयत्न जारी राख्नुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** बिछोडिएका आफन्तजनसँग भेटघाटको अवसर जुट्नेछ। लगनशीलताले स्थितिमा सुधार आई दैनिकीमा पनि परिवर्तन आउनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। अरूको विश्वासमा पर्दा धोका हुन सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** टाढाका साथीभाइसँग सम्पर्क बढ्नाले यात्रा सम्भावना देखिन्छ। साँझदेखि परिस्थिति अनुकूल बन्नाले महत्वाकांक्षी काम गर्न सफल भइनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** तारिफयोग्य कामले प्रशंसक बढ्नेछन्। ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ।